मिति- २०७६/०९/०४

बैठक संख्या -८

आज मिति २०७६ साल पौष ४ गते शुक्रबारका दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाँउकार्यपालिका वैठक तपशिल बमोजिमका कार्यपालिका. सदस्यहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्न निर्णय गरी बैठक सञ्चालन गरियो ।

उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्रा राई | |
| १५ | सदस्य | श्री शुक्रमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सदस्य-सचिव | श्री याम बहादुर उपरकोटी | |
| १९. | आमन्त्रीत जि.स.स सदस्य | श्री ओमादेवि राई | |
| २०. | तथ्याङ्क अधिकृत | श्री [illegible] कुमार राई | |
| २१. | अधिकृत(इडी) | श्री पाठुराम डे.डी. | |

२०७६।१।१६

२०७६।१।१६

प्रस्तावहरुः

१। गरिवि निवारण कोष संचालन सम्वन्धमा ।
२। विपन्न जनतासंग सहकारी कार्यक्रम संचालन सम्वन्धमा ।
३। प्रथम चौमासिक खर्च सम्वन्धमा ।
४। लोकसेवा आयोग तयारी कक्षा कार्यक्रम संचालन सम्वन्धमा ।
५। लघु जलविद्युत मर्मत योजना छनौट सम्वन्धमा ।
६। कार्यविधि/ नियमालवली मस्यौदा सम्वन्धमा ।
७। गाँउ कार्यापालिकाको कार्यालयको भवनका लागि जग्गा व्यवस्थापन सम्वन्धमा ।
८। २ नं , ३ नं र ९ नं वडा कार्यालय भवनको जग्गा सम्वन्धमा ।
९। प्रदेश सरकार समपुरक अनुदान सम्वन्धमा ।
१०। योजना सिफारिस दस्तुर लिने सम्वन्धमा ।
११। स्वास्थ्य जाँच निशुल्क गर्ने सम्वन्धमा ।
१२। स्थानिय समन्वय समितिमा सदस्य तोक्ने सम्वन्धमा ।

निर्णयहरुः

१. उपरोक्त प्रस्ताव नं १ माथि छलफल भै आमचोक गाँउपालिका गरिवि निवारण कोषको संचालन आमचोक गाँउपालिका भित्र दर्ता भै संचालनमा रहेका सहकारी संस्था मार्फत संचालन गर्ने निर्णय गरियो ।

२. उपरोक्त प्रस्ताव नं २ माथि छलफल भै नेपाल सरकार वित्तिय समानिकरण अनुदान शिर्षकमा आ.व २०७६।०७७ का लागि आमचोक गाँउपालिकालाई प्राप्त वजेट तपशिल वमोजिमको उपशिर्षकमा बाँडफाड गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सि.न | कार्यक्रम | ईकाइ | दर | जम्मा |
|---|---|---|---|---|
| १ | आधारभुत सहकारी शिक्षा | १० | २५०००।०० | २५००००।०० |
| २ | सहकारी प्रोफाइल तयारी | १ | २०००००।०० | २०००००।०० |
| ३ | उत्कृष्ट सहकारीलाई वस्तुगत सहयोग | ३ | ६००००।०० | १८००००।०० |
| ४ | गरिवि निवारण कार्यक्रमको कोष व्यवस्थापन | १ | ५०००००।०० | ५०००००।०० |
| ५ | सहकारी ऋण कोष स्थापना | | | ७९००००।०० |
| ६ | कन्टेन्जेन्सी | | | ८००००।०० |
| | जम्मा | | | २०,००,०००।०० |

३. प्रस्ताव नं ३ माथि छलफल गरि गाँउपालिकाको चालु आ.वका लागि गाँउसभा २०७६ ले पारित योजनाहरुको कार्यान्वय तथा भएको खर्चको समिक्षा मिति २०७६।०९।१५ मा गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल भै आमचोक गाँउपालिकाको पाँचौं गाँउसभा २०७५ ले आ.व. २०७६।०७७ का लागि लोक सेवा तयारी कक्षा संचालन शिर्षकमा विनियोजित वजेट कार्यान्वयन गर्न सार्वजनिक सेवामा प्रवेश गर्ने इच्छा र रुचि भएका जेहेन्दार विद्यार्थीको छनौट गरी आवसीय सुविधा सहित लोक सेवा आयोग तयारी कक्षा संचालन गर्ने संस्थामा अध्ययनका लागि पठाउने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल भै गाँउसभा २०७५ ले पारित गरेको उर्जा माइक्रोहाइड्रो मर्मत शिर्षक अन्तर्गत विनियोजित ४०००००।०० - अक्षेरुपी चार लाख-वजेट यस गाँउपालिकाको ४ नं वडामा रहेको चिसापानी लघु जलविद्युत तथा ९ नं वडामा रहेको एकवा खोला हाइड्रो आयोजनालाई रु २/२लाख मर्मत संभारका लागि प्रदान गर्ने गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल भै तपशिल वमोजिमका कार्यविधि/नियमावलीको मस्यौदा तयार गरि विधायन समितिमा छलफलका लागि पेश गर्ने निर्णय गरियो ।

क घारे कृषि फर्म संचालन सम्वन्धि कार्यविधि

ख सहकारी कोष स्थापना र संचालन सम्वन्धि कार्यविधि

ग खेलकुद विकास कार्यक्रम संचालन सम्वन्धि कार्यविधि

घ टोल विकास संस्था गठन कार्यविधि

ङ आमचोक गाँउपालिका शिक्षा नियमावली

७. प्रस्ताव नं ७ माथि छलफल भै यस गाँउपालिका स्थित वडा नं ४ मा रहेको हुमलुङ सामुदायिक वन उ.समिति मातहतको वन रहेको जग्गा गाँउपालिकाको भवनका लागि आवश्यक पर्ने क्षेत्रफल एकिन गरेर सो वन उ.समितिसँग समन्वय गरि गाँउपालिका नाममा ल्याउने प्रक्रिया अघि वढाउने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल भै २ नं वडा कार्यालय र ३ नं वडा कार्यालयको भवन रहेको जग्गा सार्वजनिक प्रति जग्गामा रहेको हुनाले सम्वन्धित वडा कार्यालयको नाममा र ९ नं वडा कार्यालयं भवन रहेको जग्गा व्लक जग्गा भएकोले ९ नं वडा कार्यालयको नाममा ल्याउन प्रकृया अघि वढाउने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ माथि छलफल भै १ नं प्रदेश सरकारवाट आ.व २०७६।०७७ का लागिं यस गाँउपालिकालाई प्राप्त हुने समपुरक अनुदानको रकम **हातिपाइले खानेपानी आयोजना(क्रमागत)** संचालनका लागि माग गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं १० माथि छलफल भै वडा कार्यालयवाट लिइने सिफारिस दस्तुर योजना फरफारक सिफारिस समेतमा लिने निर्णय गरियो ।

११. प्रस्ताव नं ११ माथि छलफल भै यस गाँउपालिका मातहतका स्वास्थ्य चौकी एवं स्वास्थ्य संस्थावाट गर्भवति जाँच , गर्ववती महिलाहरुका लागि क्याल्सिम चक्की, आइरन चक्की आदी निशुल्क प्रदान गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं १२ माथि छलफल भै अपाङ्गता परिचय पत्र वितरणका लागि आमचोक गाँउपालिका अपाङ्गता परिचय-पत्र वितरण कार्यविधि २०७५ को परिच्छेद-३, दफा ६ को उपदफा १ वमोजिम गठित गाँउपालिका उपाध्यक्ष संयोजक रहेको स्थानिय समन्वय समितिमा तपशिल वमोजिमका व्यक्तिहरु सदस्य तोक्ने निर्णय गरियो ।

तपशिलः -

(क) गाउँपालिकाको उपाध्यक्ष — श्री सिता राई — संयोजक

ख) गाउँपालिकाको महिला सदस्य मध्येबाट गाउँपालिकाले तोकेको महिला सदस्य — सुकुमाया शेर्पा (गाँउसभा सदस्य) — सदस्य

ग) गाउँपालिका भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक वा श्रोत व्यक्ति मध्येबाट गाउँपालिकाको अध्यक्षले तोकेको व्यक्ति — वेचन यादव (प्रध्यानध्यापक) — सदस्य

घ) गाउँ कार्यपालिकाको अध्यक्षको प्रमुखले तोकेको स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक — महिनारायण चौधरी (स्वास्थ्य शाखा इनचार्ज) — सदस्य

ङ) स्थानीय प्रहरी कार्यालयको प्रमुख — मन वहादुर सुवेदी (इलाका प्रहरी कार्यालय वालाङ्खा) — सदस्य

च) अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरु मध्येबाट गाउँ पालिकाको अध्यक्ष वा नगर पालिकाको प्रमुखले मनोनित गरेको संस्थाको प्रतिनिधि

.......... ...................... — सदस्य

छ) गाउँपालिका र नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरु मध्येबाट समन्वय समितिले मनोनयन गरेको एक जना महिला सदस्य सहित तीन जना — ................. — सदस्य

ज) नेपाल सरकार र प्रदेश सरकारका स्थानीय स्तरमा रहेका सम्वन्धित विषय हेर्ने कार्यालयको कार्यालय प्रमुख

.......................... — सदस्य

झ) गाउँपालिकाको उपाध्यक्षले तोकेको गाउँपालिकाको कर्मचारी — स्वस्तिका भट्टी (प्रशासकीय...) सदस्य

प्रतिलिपि ... 2076/5/6